नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(..........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या : ०७५/७६
च.नं. २८१

मितिः २०७५/०४/२२

**विषयः-** भवनको Water Tank , Septic Tank र Manhole मा Cover जडान गर्ने सम्बन्धमा ।

श्री यूनाईटेड बिल्डर्स/डाँफे/सुनौला खिम्ती जे.भि.
सानो गौचरण, काठमाण्डौ ।
फोन न.: ०१-४१११०७७,०१-४१११०८१
मो.न. : ९८४१६७८२८०

त्यस युनाईटेड विल्डर्स/डाँफे/सुनौला खिम्ती जे.भी. र विद्युत विकास विभाग बीच मिति २०६८/०३/१६ मा भवन निर्माण सम्बन्धि भएको सम्झौताको म्याद अन्तिम पटक मिति २०७५/०४/१० को निर्णयानुसार असोज मसान्त, २०७५ सम्म थपिएको व्यहोरा बिदितै छ ।

भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ र सबैजनाको प्रयासबाट चाडै भन्दा चाडै निर्माण सम्पन्न गरी विभाग भाडाको भवनबाट आफ्नो भवनमा सर्नुपर्ने भएको छ । यसै सिलसिलामा विभागको केहि शाखा आंशिक रुपमा सारिएको विदितै छ ।

हाल निर्माणको प्रगति अत्यन्त सुस्त गतिमा भएको र सामानको अभाव तथा कामदारको कमीले निर्माण कार्य अति नै प्रभावित भएको छ । यस सम्बन्धमा निर्माण कार्य चाडै सम्पन्न गर्न र आएका समस्याहरु समाधान गर्न प्रत्येक दोश्रो दिनमा विभागका उच्च पदस्थ कर्मचारी र निर्माण व्यवसायीका प्रवन्ध निर्देशक, साईटइन्चार्ज, स्टोरकिपर, एकाउन्टेन्ट लगायत निर्माण कार्यसंग सम्वन्धित अन्य व्यक्तिहरुवीच निर्माण सम्वन्धी प्रत्येक कार्य (Item) मा बिस्तृत छलफल हुने गरेको र सोहि अनुसार सामानहरु मगाई कार्य गर्न सहमति हुने गरेको छ । विगतका केही दिनदेखि निर्माण कार्य सम्पन्न गर्न छलफलमा भएको कार्यहरु नभएको/नगरेको र पर्याप्त मात्रामा सामान नआएकोले निर्माण सामग्रीको अभाव सृजना भएको तथा प्रत्येक कार्यको लागि पर्याप्त मात्रामा कामदार नभएकोले निर्माण कार्य सुस्त गतिमा भईरहेको विभागको ठहर रहेको छ ।

यसै सन्दर्भमा, निर्माणकार्य सम्पन्न गर्न ढिलाई भईरहेको मुख्य कारणहरु मध्यको एक कारण भवनको Water Tank, Septic Tank र Manhole हरुमा Cover जडान गर्ने कार्य रहेको छ । उक्त कार्यको लागि निम्न उल्लिखित Tank तथा Manhole मा Cast Iron को Cover मगाई जडान गर्नुपर्ने देखिन्छ ।

१. Soil and Waste Line को लागि निर्माण गरिएको Manhole को लागि 600mm x 600mm size को CI Cover – २ वटा।

क्रमशः

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(...................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :-

मितिः ..............................

विषयः-

२। Rainwater को लागि निर्माण गरिएको Manhole को लागि 600mm x 600mm size को CI Cover – २ वटा।
३। Septic Tank मा जडान हुने 600mm x 900mm size को CI Cover – ३ वटा।
४। Water Tank मा जडान हुने 600mm x 600mm size को CI Cover – २ वटा।
५। रोड तर्फको Main Manhole को लागि 600mm diameter को circular CI Cover – १ वटा।

आजको मितिसम्म माथि उल्लिखित कुनै पनि cover हरु निर्माणस्थलमा उपलब्ध गराईएको देखिंदैन । Cover को अभावमा Water Tank लाई प्रयोगमा ल्याउन सकिएको छैन र जडान गरिसकेको Overhead Water Tank मा पानी Pump गर्न सकिने अवस्था समेत नरहेको देखिन्छ । हाल विभागको केहि शाखा आंशिक रुपमा सारिएको स्थितिमा Overhead Tank सञ्चालनमा ल्याई पानी प्रयोग गर्न अत्यावश्यक रहेको हुंदा माथी उल्लिखित Cover हरु चाँडै भन्दा चाँडै उपलब्ध गराई जडान गरिदिन हुन अनुरोध छ ।

(आशिष श्रेष्ठ)
इन्जिनियर

<u>बोधार्थ :</u>

१. श्री यूनाईटेड बिल्डर्स एंड इंजिनियरिंग प्रा.लि., ४७७०२४५,४६२००४८
२. श्री डांफे कंस्ट्रक्शन क. प्रा.लि., ०१-४६२००४८,४६२००७४, Fax: ०१-४६२०४३६
३. श्री सुनौला खिम्ती कंस्ट्रक्शन प्रा.लि., ०१-४४७०५३१, ४४८४०८०
४. साईट इन्चार्ज (निर्माण व्यवसायी) श्री राजदेव यादव- सामान यथासिघ्र मगाई cover ~~[illegible]~~को कार्य चाडै सम्पन्न गराउन हुन।
५. एकाउन्टेन्ट (निर्माण व्यवसायी) श्री अभिनाष गौचन - सामान यथाशिघ्र मगाउन हुन।
६. सुपरवाईजर (निर्माण व्यवसायी) श्री शंकर घिमिरे - सामान यथाशिघ्र मगाउन र जडान चाडै सम्पन्न गर्न हुन।
७. सब इन्जिनियर (वि.वि.वि.) श्री केशव बस्नेत - कार्यको अनुगमन गरी दैनिक reporting गर्नहुन।
८. सब इन्जिनियर (वि.वि.वि.) श्री राजकुमार फुयाल- कार्यको अनुगमन गरी दैनिक reporting गर्नहुन।